# स्थानीय राजपत्र

**बेसीशहर नगरपालिकाद्वारा प्रकाशित**

**खण्ड ५, संख्या १०, माघ १३ गते, २०७९ साल**


**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगर कार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ।

# भाग २

# लैंङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७९

प्रस्तावना : संघीय सरकार लैंङ्गिक हिंसा निवारण कोष सञ्चालन दोस्रो संशोधन नियमावली २०७६ को नियम ३ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी लैंङ्गिक हिंसा निवारण कोषको प्रयोजनार्थ हिंसामा परी परिवार र समाजबाट विस्थापनमा परेका महिलाहरुलाई पुनः परिवार र समाजमा पुर्नस्थापना गर्न र आत्मबल बढाइ आत्मनिर्भरता उन्मुख हुने वातावरण तयार गर्न छुट्टै कोषको स्थापना र संचालनका लागि प्रारम्भिक सहयोग गर्न यो कार्यविधि बनाइ लागू गरिएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : १) यस कार्यविधिको नाम " लैंङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७९" रहेको छ।

२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "मन्त्रालय" भन्नाले संघीय सरकारको महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

ख) "कार्यालय" भन्नाले बेसीशहर नगरपालिकाको कार्यालयलाई सम्झनु पर्छ । ग) "कोष" भन्नाले दफा ५ बमोजिम स्थापना भएको कोषलाई सम्झनु पर्छ ।

घ) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको तत्काल उद्धार तथा राहत समितिलाई सम्झनु पर्छ ।

ङ) "लैंङ्गिक हिंसा" भन्नाले घर वा घर वाहिर वा कार्यस्थलमा हुने दुर्व्यवहार, सामाजिक कुरितिजन्य व्यवहार लगायत लैंगिक आधारमा हुने हिंसा सम्झनु पर्छ ।

च) "पिडित" भन्नाले लैंगिक हिंसाबाट पिडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

## परिच्छेद २

## समिति गठन तथा कोष संचालन

३. समिति गठन : १) पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने कार्यका लागि देहाय बमोजिमको तत्काल उद्धार तथा राहत समिति गठन गरिने छ ।

(क) सामाजिक विकास समितिका संयोजक — अध्यक्ष

(ख) इलाका प्रशासन कार्यालय प्रमुख वा प्रतिनिधि — सदस्य

(ग) इलाका प्रहरी कार्यालय प्रमुख वा प्रतिनिधि — सदस्य

(घ) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख वा प्रतिनिधि सदस्य

(ङ) नगरपालिका मातहत रहेको सरकारी अस्पतालको प्रमुख वा प्रतिनिधि — सदस्य

(च) नगरपालिकामा क्रियाशील सामाजिक संघ संस्था मध्येबाट समितिले तोकेको १ जना — सदस्य

(छ) महिला बालबालिका शाखा प्रमुख — सदस्य सचिव

२) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार : १) तत्काल उद्धार तथा राहत समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -

(क) पिडित व्यक्तिको सूचना लिने,

(ख) पिडितको अवस्था विश्लेषण गर्ने र सहयोग गर्ने,

(ग) राहत तथा आर्थिक सहयोगको उपयोग भए नभएको अनुगमन गर्ने ,

(घ) लैंङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा निकायहरु विच समन्वय गर्ने ,

(ङ) लैंगिक हिंसा हुन नदिनका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(च) तत्काल उद्धार र राहत वितरणमा समन्वय र सहजीकरण गर्ने ,

(छ) लैंङ्गिक हिंसा निवारणका लागि कार्य योजना बनाउने ,

(ज) लैंङ्गिक हिंसा निबारण तथा तत्काल राहत उपलव्ध गराउन साधन स्रोत जुटाउन पहल गर्ने,

(झ) लैंगिक हिंसा निवारण तथा उद्धार, राहत र पुनर्स्थापनका लागि सरोकारवाला निकायहरुसँग समन्वय गर्ने,

(ञ) उद्धार गरिएका हिंसा पिडित महिलाको संरक्षण गर्ने कोही नभएमा वा अति विपन्न अवस्था भएमा र निज कुनै रोजगारी गर्न ईच्छुक र सक्षम भएमा रोजगारीका लागि आवश्यक पहल गर्ने,

५. कोषको स्थापना : १) लैंगिक हिंसा निवारणका लागि लैंङ्गिक हिंसा निवारण कोष स्थापना गरिने छ ।

२) उपदफा १ बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछ ।

(क) बेसीशहर नगरपालिकाबाट प्राप्त रकम ,

(ख) संघीय र प्रदेश सरकारबाट प्राप्त रकम ,

(ग) विदेशी व्यक्ति, अन्तर्राष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम ,

(घ) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम ,

(ङ) अन्य स्थानीय तहबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

३) कोषको खाता सञ्चालन नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

४) उपदफा (२) बमोजिम कोषमा जम्मा भएको रकम दफा ६ को उपदफा (१) बमोजिमको कार्यका लागि मात्र खर्च गरिने छ ।

६. कोषको उपयोग : १) कोषमा जम्मा भएको रकम पिडितहरुका लागि देहाय बमोजिम उपयोग गरिनेछः

(क) तत्काल उद्धार गर्न,

(ख) औषधी उपचार गर्न,

(ग) राहत प्रदान गर्न आर्थिक सहयोग वा अन्य सामग्री उपलव्ध गराउन,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(ङ) कुनै व्यवसाय वा रोजगार गर्नका लागि विऊपुजींको रुपमा प्रदान गर्न,

(च) पुनर्स्थापना गराउन,

(छ) तत्काल उपचार गराउनु पर्ने अवस्थामा पिडकबाट तत्काल खर्च भराउन नसक्ने अवस्था भएमा त्यस्तो पिडितको स्वास्थ्य उपचार गर्न,

(ज) हिंसा पिडित र प्रभावित महिलाका लागि सुरक्षित गृह (सेफ हाउस) संचालन गर्न,

(झ) तत्काल उद्धार तथा राहत समितिले तोकेबमोजिमको अन्य कार्य गर्न ।

२) उपदफा (१) मा लेखिए बमोजिम कोषको उपयोग गर्दा तत्काल उद्धार तथा राहत समितिले लैंङ्गिक हिंसा पिडित बालबालिका वा किशोर किशोरी वा लैंगिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडक मानवलाई प्राथमिकता दिइ कोषको रकम खर्च गर्नुपर्नेछ ।

७. राहत तथा आर्थिक सहयोग उपलव्ध गराउने रकमको हद र आधार : समितिले पिडितलाई देहाय बमोजिम राहत तथा आर्थिक सहयोग उपलव्ध गराउन सक्नेछ :

क) पिडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रतिदिन तीनसय रुपैंया र बास बस्नुपर्ने भएमा सो बापत छुटै रकम

दिनु पर्ने भएमा प्रतिदिन पाँचसय रुपैयाको दरले बढीमा पाँचहजार रुपैया सम्म,

ख) पिडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम , खाना खर्च बापत प्रति दिन तीनसय रुपैया, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा पाँच दिनको बसोबास खर्च वापत प्रतिदिन पाँचसय रुपैया र उपचार खर्च समेत गरी बढीमा ६ हजार ५ सय रुपैयामा नबढ्ने गरी लागेको यथार्थ खर्च र पिडितसँग आश्रित बालबच्चा भए त्यस्ता बालबच्चाका लागि सोही दरमा खाना खर्च ,

ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैँयामा नबढ्ने गरी लागेको यथार्थ खर्च ,

घ) कुनै व्यवसाय गर्नका लागि विऊ पूजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढिमा वीसहजार रुपैंया सम्म

८. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने : १) यस कार्यविधि बमोजिम दफा ७ बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पिडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनुपर्ने मनासिब कारण खुलाई तत्काल उद्धार तथा राहत समितिमा अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

२) उपनियम १ बमोजिम प्राप्त भएको निवेदन जाँचबुँझ गर्दा पिडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने अवस्था देखिएमा यस कार्यविधिको अधीनमा रही समितिले पिडितलाई राहत तथा आर्थिक सहयोग उपलव्ध गराउन सक्नेछ ।

३) यस कार्यविधि बमोजिम भएको खर्चको विवरण चौमासिक रुपमा कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

९. प्रतिवेदन पेश गर्ने : तत्काल उद्धार तथा राहत समितिवाट भए गरेका काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

१०. अभिलेख राख्नुपर्ने : सदस्य सचिवले समितिबाट भए गरेका सम्पुर्ण कामको अभिलेख राख्नु पर्नेछ ।

११. व्याख्या गर्ने अधिकार : यस कार्यविधिको व्याख्या गर्ने अधिकार नगर कार्यपालिकाको हुनेछ ।

१२. संशोधन : यस कार्यविधिलाई नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

१३. बचाउ : कार्यविधि लागू हुनु पूर्व भए गरेका कार्यहरु यसै बमोजिम भएको मानिनेछ ।

## अनुसूची : १
## (दफा ८ को उपदफा १ सँग सम्बन्धित)

श्री अध्यक्ष ज्यू ,
तत्काल उद्धार तथा राहत समिति, बेसीशहर नगरपालिका

विषय :- सहयोग उपलव्ध गराई पाऊँ ।

........................जिल्ला............. नगरपालिका वडा नं. .... बस्ने वर्ष ..........को म....................................मिति................ देखि लैंङ्गिक हिंसाबाट पिडित भएको छु । मेरो आर्थिक अवस्था ज्यादै कमजोर रहेको छ । म उपर लैंङ्गिक हिंसा ...................भएको कारणले मेरो मानसिक, शारीरिक र सामाजिक अवस्था कमजोर भई अशक्त अबस्थामा रहेको हुनाले मलाई औषधी उपचार/कानूनी सहायता/परामर्श/उद्धार/मनोविमर्श/स्वरोजगार/पुनर्स्थापना वा ................ कामका लागि सहयोग आवश्यकता परेको हुँदा लैंङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलव्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु ।

निबेदकको
नाम थर :
ठेगाना : दस्तखतः मिति :

**आज्ञाले,**
**इमनाथ कडेल**
**प्रमुख प्रशासकीय अधिकृत**